# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग नेपाल राष्ट्र बैंकको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्न, सोका लागि आवश्यक उपकरण पहिचान तथा प्रशिक्षण दिन अन्तराष्ट्रिय मुद्रा कोष, कानुन विभागबाट आएको प्रतिनिधि मण्डलले आज भेट गऱ्यो । सो अवसरमा नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण प्रणाली, अन्तर विभागीय समन्वय, आवश्यक थप सुधार एवम् नेपाल र अन्तराष्ट्रिय मुद्रा कोषबीचमा हुन सक्ने सहयोग आदान प्रदान सम्बन्धमा छलफल भएको थियो । उक्त प्रतिनिधि मण्डलले यस सम्बन्धमा तयार गरेको प्रतिवेदन समेत श्रीमान् गभर्नरज्यू समक्ष पेश गरेको थियो ।



प्रतिवेदन ग्रहण गर्दै गभर्नर डा. खतिवडाले बैंकको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन भइरहेका र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विषय वित्तीय स्थायित्व र पारदर्शिताका लागि अत्यन्त महत्वपूर्ण भएकाले यस बैंक र राष्ट्रले नै उच्च महत्वका साथ अघि बढाएको बताउनु भयो । बैंकमा हाल यस विषयसँग सम्बन्ध राख्ने नियमन, सुपरिवेक्षण लगायत विश्लेषणको काम गर्ने समेत गरी सात वटा विभाग कार्यरत छन् ।

२०६८ चैत्र ८ गते बुधबार

गभर्नरको कार्यालय